National News

July 6th, 2024

Saturday

<u>प्रमुख समाचार:</u>

1. संसदको बजेट अधिवेशन यही महिनाको २२ तारिकबाट सुरु हुँदै
2. सरकारले आगामी पाँच वर्षभित्र करिब दुई लाख ग्राम पञ्चायतमा प्राथमिक कृषि ऋण समितिहरू स्थापना गर्ने
3. राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु आजदेखि ओडिशाको चार दिने भ्रमणमा
4. आसाममा बाढीको अवस्था गम्भीर, ३० जिल्लाका २४ लाख मानिस प्रभावित
5. पहिलो T20 अन्तर्राष्ट्रिय क्रिकेट खेलमा आयोजक जिम्बावे र भारतबीच प्रतिस्पर्धा हुँदै

## 1. Parliament – Budget Session

संसदको बजेट अधिवेशन यही महिनाको २२ तारिकबाट सुरु हुँदैछ । संसदीय मामिला मन्त्री श्री किरेन रिजिजुले एक सामाजिक सञ्जाल पोस्टमा जानकारी दिनुभएअनुसार बजेट सत्र अगस्त 12 सम्म चल्नेछ। उहाँले केन्द्रीय बजेट 2024-25 जुलाई 23 मा लोकसभामा पेश गरिने पनि बताउनुभयो। श्री रिजिजुले भन्नुभयो, राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले बजेट अधिवेशनका लागि दुवै सदनको अधिवेशन बोलाउने प्रस्तावको लागि केन्द्र सरकारको सिफारिसलाई अनुमोदन गरेको छ।

## 2. Amit Shah – Cooperative Day

गृहमन्त्री श्री अमित शाहले सरकारले आगामी पाँच वर्षमा करिब दुई लाख ग्राम पञ्चायतहरूमा बहुउद्देश्यीय प्राथमिक कृषि ऋण समितिहरू स्थापना गर्ने बताउनुभएको छ। यी समितिहरू सहकारी क्षेत्र बाहिर रहेका ग्राम पञ्चायतहरूमा स्थापना गरिनेछ। १०२औँ अन्तर्राष्ट्रिय सहकारिता दिवसको अवसरमा गान्धी नगरस्थित महात्मा मन्दिरमा आयोजित सहकार से समृद्धि कार्यक्रममा श्री शाहले यस्तो घोषणा गर्नुभएको हो। सहकारी क्षेत्रको सशक्तिकरणका लागि केन्द्र सरकारले गरेका विभिन्न पहलका बारेमा चर्चा गर्दै श्री शाहले सहकारी सञ्जाल विस्तार गरी संस्थालाई सक्षम बनाउन जोड दिनुभयो । यस अवसरमा गृहमन्त्रीले नानो युरिया खरिदमा किसानहरूका लागि गुजरात सरकारको विशेष सहायता योजनाको शुभारम्भ गर्नुभयो।

## 3. Prez – Odisha

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु ओडिशाको चार दिने भ्रमणका लागि आज साँझ भुवनेश्वर पुग्नुभएको छ। पवित्र तटीय नगर पुरीमा भोलि आयोजना हुने विश्वप्रसिद्ध जगनाथ रथयात्राको अवलोकन गर्न राष्ट्रपति आफ्नो गृहराज्यको भ्रमण गर्दै हुनुहुन्छ। राष्ट्रपति श्रीमती मुर्मुले आज भुवनेश्वरमा उत्कलमणि पण्डित गोपबन्धु दासको

९६औँ पुण्यतिथिमा सम्मान गर्ने कार्यक्रम छ । उहाँले सोमबार भुवनेश्वरको ऐतिहासिक उदयगिरी र खाँदगिरि गुफाको भ्रमण गर्नुका साथै उत्कल संस्कृति विश्वविद्यालयका विद्यार्थीसँग अन्तरक्रिया गर्ने कार्यक्रम छ ।

## 4. Gujarat – Rahul Gandhi

कांग्रेसका वरिष्ठ नेता श्री राहुल गान्धीले आज अहमदाबादमा गुजरात प्रदेश कांग्रेस कार्यकर्ताहरूलाई सम्बोधन गर्नुभएको छ। उहाँले आगामी निर्वाचनमा आफ्नो पार्टीले भारतीय जनता पार्टीलाई पराजित गर्ने विश्वास व्यक्त गर्नुभयो। गुजरातको आफ्नो एक दिने भ्रमणको क्रममा, श्री गान्धीले राजकोट गेम जोन प्रकोप सहित गुजरातमा विभिन्न त्रासदीका पीडित परिवारहरूलाई पनि भेट्नुभयो। हाम्रा संवाददाताका अनुसार श्री गान्धीको भ्रमण लोकसभामा उहाँको कथित समुदाय विरोधी टिप्पणीलाई लिएर अहमदाबादको गुजरात प्रदेश कांग्रेस कमेटी कार्यालय बाहिर भाजपा र कांग्रेस कार्यकर्ताहरू बीच झडप पछि भएको हो।

## 5. TN – BSP Chief

तमिलनाडुका मुख्यमन्त्री श्री एम.के. स्टालिनले बहुजन समाज पार्टीका प्रदेश प्रमुख के आर्मस्ट्रङको हत्याको अनुसन्धान गर्न र दोषीलाई कानुनको कठघरामा ल्याउन प्रहरी अधिकारीहरूलाई आदेश दिनुभएको छ। शोकसन्तप्त परिवार र पार्टी कार्यकर्ताप्रति समवेदना प्रकट गर्दै श्री स्टालिनले हत्या भएको केही घण्टामै प्रहरीले आठ जनालाई पक्राउ गरेको बताउनुभयो । प्रहरीलाई दिएको आदेशमा मुख्यमन्त्रीले यस विषयमा छिटोभन्दा छिटो कारबाही गर्नुपर्ने बताउनुभएको छ । ५२ वर्षीय नेता आर्मस्ट्रङको गएराति चेन्नईमा आफ्नै घर अगाडि भीडले हत्या गरेको थियो । बहुजन समाज पार्टीकी प्रमुख मायावतीले भोलि आर्मस्ट्रङलाई श्रद्धाञ्जली अर्पण गर्ने कार्यक्रम छ ।

## 6. Health Ministry - NEET

स्वास्थ्य मन्त्रालयले NEET UG काउन्सिलिङ स्थगित भएको खबर गलत भएको स्पष्ट पारेको छ। मन्त्रालयले भनेको छ, काउन्सिलिङको मिति अझै घोषणा गरिएको छैन। NEET UG काउन्सिलिङ स्थगित भएको मिडिया रिपोर्टहरू प्रसारण भएपछि स्वास्थ्य मन्त्रालयले यो स्पष्टीकरण दिएको हो।

## 7. PM –Iran President

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले इरानका नवनिर्वाचित राष्ट्रपति श्री मसुद पेजस्कियानलाई बधाई दिनुभएको छ। दीर्घकालीन द्विपक्षीय सम्बन्धलाई अझ सुदृढ गर्नका लागि श्री पेजस्कियानसँग नजिकबाट काम गर्न आफू उत्सुक रहेको श्री मोदीले सामाजिक सञ्जाल पोस्टमा भन्नुभएको छ।

## 8. Assam Flood

आसाममा बाढीका कारण जनजीवन प्रभावित भएको छ । ३० जिल्लाका २४ लाखभन्दा बढी मानिस बाढीको त्रासमा छन् । तर, पछिल्लो २४ घण्टामा कसैको ज्यान गएको खबर आएको छैन । गुवाहाटी सहरका धेरै ठाउँमा जलमग्नताका कारण सवारी आवागमन प्रभावित भएको छ । मौसम विभागले आसामको माथिल्लो क्षेत्रमा भारी वर्षाको चेतावनी जारी गरेको छ। बाढीका कारण झण्डै ४७ हजार मानिस घरबार छोडेर अस्थायी राहत शिविरमा जान बाध्य भएका छन् । हाम्रा संवाददाताका अनुसार काजिरङ्गा राष्ट्रिय निकुञ्ज प्राधिकरणले

हालसम्म करिब १०० वन्यजन्तुलाई बाढीबाट उद्धार गरिसकेको छ भने झण्डै ९० वन्यजन्तु बाढीका कारण मरेका छन् ।

9. Uttarakhand - Flood

अर्कोतर्फ, उत्तराखण्डमा अत्यधिक वर्षाका कारण राज्यका पहाडी क्षेत्रका विभिन्न ठाउँमा पहिरो गएकाले सडक यातायात प्रभावित भएको छ । मौसम पूर्वानुमान महाशाखाले भोलिसम्म राज्यमा भारी वर्षा हुने उच्च सतर्कता जारी गरेको छ ।

10. Gujarat - Rain

यसैगरि दक्षिण गुजरातमा विगत तीन दिनदेखि भारी वर्षा जारी छ । पछिल्लो २४ घण्टामा यस क्षेत्रका ६ भन्दा बढी तहसीलमा ४ इन्चभन्दा बढी वर्षा हुँदा धेरै ठाउँमा पानी जमेको छ ।

11. Bihar – Lightning Deaths

बिहारमा पछिल्लो २४ घण्टामा चट्याङका कारण १९ जनाको मृत्यु भएको छ भने सात जना घाइते भएका छन्।

12. IMD Weather

यसैबीच, मौसम विभागले पश्चिम बंगाल, सिक्किम र बिहारमा जुलाई 9 सम्म भारी वर्षाको सम्भावना जनाएको छ। भोलि पनि झारखण्डका केही स्थानमा भारी वर्षाको सम्भावना छ।

13. T-20 Cricket

भारत र जिम्बाब्वेबीचको पाँच खेलको टी–२० क्रिकेट सिरिजको पहिलो खेल आज हरारेमा खेलिँदैछ । सिरिजको पहिलो खेलमा भारतलाई ११६ रनको लक्ष्य दिएको छ । भारतीय टोलीका कप्तान शुभमन गिल छन् ।

14. Uro Cup

जर्मनीको डसेलडोर्फ एरिनामा आज भएको युरो कप फुटबलको क्वाटरफाइनल खेलमा इंग्ल्याण्डले स्विट्जरल्याण्डको सामना गर्दैछ । यो खेल आज राति भारतीय समय अनुसार राति साढे नौ बजे हुनेछ । युरो कपका सेमिफाइनल खेल जुलाई ९ र १० मा हुनेछ । फाइनल खेलहरू 14 जुलाईमा बर्लिनमा हुनेछ।

15. Wimbledon

रोहन बोपन्ना र उनका अष्ट्रेलियाली पार्टनर म्याथ्यू एब्डेनले आज साँझ विम्बल्डन टेनिसमा पुरुष डबल्सको दोस्रो चरणमा जर्मनीका हेन्ड्रिक जेबेन्स र कन्स्टान्टिन फ्रान्जेनसँग खेल्नेछन्।

16. Canada Open Badminton

क्यानडा ओपन ब्याडमिन्टन प्रतियोगितामा आज राति भारतका प्रियांशु राजावतले पुरुष सिंगल्सको सेमिफाइनलमा फ्रान्सका एक्लेस लानियरसँग खेल्दैछन् ।